**बैठक नं. २९१(३)५१**

**मिति २०८०।१०।०९**

**निर्णय**

१. राष्ट्रिय सूचना आयोगबाट प्रत्येक वर्ष प्रदान गरिँदै आएको विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार प्रत्येक वर्षजस्तै यस वर्ष पनि प्राप्त बजेटको अधिनमा रही (प्रसाशनिक खर्च छुट्याई) कार्यक्रममा उल्लेख भए बमोजिम पाँच जना सूचनाका हकका अभियन्ताहरुलाई जनही रु. ३५,०००।-( पैतिस हजार मात्र) का दरले वितरण गर्ने ।

२. राष्ट्रिय सूचना आयोगबाट प्रत्येक वर्ष प्रदान गरिँदै आएको उत्कृष्ट सूचना अधिकारी पुरस्कार प्रत्येक वर्ष जस्तै यस वर्ष पनि प्राप्त बजेटको अधिनमा रही (प्रसाशनिक खर्च छुट्याई) कार्यक्रममा उल्लेख भए बमोजिम पाँच जना सूचना अधिकारीहरुलाई जनही रु. ३५,०००।- ( पैतिस हजार मात्र) का दरले वितरण गर्ने ।

३. राष्ट्रिय सूचना आयोगमा रही उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई हरेक वर्ष जस्तै यस वर्ष पनि ४ जनालाई उत्कृष्ट पुरस्कार प्रदान गर्ने ।

४. नेपाल सरकार, अर्थ मन्त्रालयको USAID लाई लेखिएको पत्र बमोजिम राष्ट्रिय सूचना आयोगको उद्देश्य अनुरुप हुने गरी खर्च गर्ने व्यवस्था भए बमोजिम दोश्रो वर्षका लागि Asia Foundation, CSM Program का पदाधिकारीहरुसँग छलफल भए पश्चात प्राप्त प्रस्तावित Letter of Exchange (LoE) मा उल्लेख भए बमोजिम कार्यक्रमहरुमा Asia Foundation CSM Program बाट सहयोग हुने गरी संचालन गर्न सो Letter of Exchange स्वीकृत गर्ने र उक्त Letter of Exchange मा राष्ट्रिय सूचना आयोगका सचिवले हस्ताक्षर गर्ने ।

५. विविध

क) विद्यालय शिक्षा विधेयक २०८०

प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलमा रहेको विद्यालय शिक्षा विधेयक २०८० मा नेपालको संविधानको धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुनेछ" भन्ने व्यवस्था छ र सूचनाको हकसम्वन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई दिएको अधिकार, जवाफदेहिता, पारदर्शिता र खुलापनलाई अंगिकार गर्दै सुशासन कायम होस भन्ने उद्देश्यबाट प्रस्तुत विधेयकको दफा १३८ को उपदफा २ मा देहाय बमोजिम थप गरी संशोधन हुने व्यवस्था हुन प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा अनुरोध गर्ने ।

दफा १३८ उपदफा (२) मा थप: आयोगको परिक्षामा संलग्न रहेको उम्मेदवारले आफ्नो लिखित परिक्षाको उत्तर पुस्तिकाको प्रतिलिपी माग गरेमा, अन्तरर्वार्ताको अंक र अन्य विधि अपनाएको भए सो विधिबाट प्राप्त अंक माग गरेमा आयोगले उपलब्ध गराउनेछ ।